वर्ष १ अङ्क १
मितिः २७ साउन २०८२

# हाम्रो सामुदायिक रेडियो

## यस अङ्कमा

- सम्पादकीयः सामुदायिक रेडियोका लागि नयाँ आवाज, नयाँ सहकार्य
- सामुदायिक रेडियोको बदलिँदो संसारः नवीन प्रवृत्ति र भविष्यका सङ्केतहरू
- कौशलझोलाः सिपका सरल पाठहरू
- नीति अपडेटः जान्नै पर्ने सूचना
- प्रविधि पाटीः सजिला र किफायती उपायहरू



© रेडियो सिन्धु

## सम्पादकीयः

# सामुदायिक रेडियोका लागि नयाँ आवाज, नयाँ सहकार्य

प्रिय पाठक,
यो न्यूजलेटर अमार्क एसिया–प्रशान्त र सामुदायिक रेडियोहरूको सङ्गठन (अकोराब) नेपालको सहकार्यमा तयार पारिएको हो । सामुदायिक रेडियोसँग आबद्ध हरेक सहकर्मीको उत्प्रेरणा र पेसागत क्षमता अभिवृद्धिका लागि सहयोगी बन्न सकोस् भन्ने हेतुले -

न्यूजलेटरको यो पहिलो अङ्क मार्फत हामीले एउटा सानो तर महत्त्वपूर्ण पहलको सुरुवात गरेका छौँ । सामुदायिक रेडियोहरूले दशकौँदेखि गाउँ, बस्ती र सहरका हजारौँ आवाजहरूलाई सार्वजनिक बहसमा ल्याउँदै आएका छन् । यस क्रममा रेडियोहरू कहिले प्राकृतिक विपत्तिमा सूचना प्रवाहका माध्यम बनेका छन् त कहिले महिला, दलित, आदिवासी जनजाति तथा पछाडि पारिएका समुदायका मुद्दालाई प्राथमिकतामा राखेका छन् । उनीहरूका आवाजलाई टिपेर राष्ट्रिय मूलधारमा छलफल र बहसको विषय बनाएका छन् । इतिहास हेर्ने हो भने समुदायका चासो र सरोकारका कुनै त्यस्ता क्षेत्र छैनन्, जहाँ सामुदायिक रेडियोको पहुँच नपुगेको होस् । सामुदायिक रेडियोहरूको यही सशक्त यात्रालाई थप मजबुत बनाउने उद्देश्यले यो न्यूजलेटरको सुरुवात गरिएको हो ।

हामी चाहन्छौँ, यो न्यूजलेटर पाठकबाट स्टुडियोसम्म, स्टुडियोबाट फेरि गाउँ बस्तीसम्म पुगोस् । यसमा रेडियो सञ्चालनको सीपदेखि नीति–निर्माणका अद्यावधिक समाचार, नवीनतम प्रविधिको सजिलो जानकारीदेखि सफल कार्यक्रमका अनुभवसम्मका सबै विषय समेट्ने प्रयास गरिनेछ । यसले एकातिर पहिले नै क्रियाशील सामुदायिक रेडियो स्टेसनहरूको काममा थप सहयोग पुर्‍याउनेछ भने अर्कोतर्फ नयाँ जोस र जाँगरसहितका नयाँ साथीहरूलाई सामुदायिक प्रसारणको यो अभियानमा जोड्नेछ भन्ने हाम्रो विश्वास छ । यो न्यूजलेटर तपाईँहरूले आफ्ना साथीहरू, श्रोता र सम्भावित नयाँ सदस्यहरूसम्म पुर्‍याउनुहुनेछ भन्ने आशा लिएका छौँ । सामुदायिक रेडियोको आवाज अझ सशक्त र व्यापक बनाउने यो साझा प्रयासमा तपाईँको सक्रिय सहभागिता र सुझाव हाम्रो लागि अमूल्य हुनेछ ।

अझ मजाले सिकौँ, अझ धेरै सिकाऔँ र सँगसँगै अघि बढौँ ! - सम्पादक

# सामुदायिक रेडियोको बदलिँदो संसार: नवीन प्रवृत्ति र भविष्यका सङ्केतहरू



© हाम्रो रेडियो

नेपालमा सामुदायिक रेडियोको इतिहास करिब तीन दशक लामो छ । २०५४ सालमा दक्षिण एसियाकै पहिलो सामुदायिक रेडियोका रूपमा रेडियो सगरमाथाको प्रसारणबाट सुरु भएको यो यात्रामा अहिलेसम्म ३ सयभन्दा बढी सामुदायिक रेडियो जोडिएका छन् । तीन दशकको यो अवधिमा नेपालमा भएका सामाजिक परिवर्तन र रूपान्तरणका अनेकौँ आन्दोलन, शिक्षा तथा सूचनाका अभियान र स्थानीय नेतृत्वको निर्माणमा सामुदायिक रेडियोहरूले गहिरो प्रभाव पारेका छन् । यद्यपि पछिल्ला वर्षहरूमा प्रविधिको विकास र श्रोता प्रवृत्तिहरूमा आएको परिवर्तनले सामुदायिक रेडियोको परम्परागत भूमिकामा नयाँ आयाम र चुनौती पनि थपिरहेको छ ।

## डिजिटल रूपान्तरणको नयाँ चरण

इन्टरनेटको पहुँच विस्तार हुँदै जाँदा सामुदायिक रेडियोहरू अब परम्परागत एफएम फ्रिक्वेन्सीमा मात्र सीमित नरहने क्रम बढ्दै गएको देखिन्छ । धेरै सामुदायिक रेडियोहरूले अनलाइन स्ट्रिमिङ, फेसबुक लाइभ, मोबाइल एप्स र पोडकास्टमार्फत् आफ्ना कार्यक्रमहरू नयाँ पुस्तासम्म पुऱ्याउने अभ्यास सुरु गरेका छन् । केही रेडियोहरू युट्युब र टिकटकजस्ता सामाजिक सञ्जालमार्फत नयाँ श्रोतासम्म पुगिसकेका छन् । प्रविधिमा भएको विकासलाई रेडियो प्रसारणमा उपयोग गर्दा श्रोता लहरमा नयाँ पुस्ता जोडिन थालेको छ । सञ्चारमाध्यमको फराकिलो पहुँच र दिगोपनका लागि यो आशालाग्दो विषय हो । नेपालकै उदाहरण लिँदा, केही रेडियोहरूले आफ्नै मोबाइल एप्स तयार पारेका छन् जसले विदेशमा रहेका नेपालीहरूलाई समेत आफ्ना गाउँघरका कुरा सुन्ने सुविधा पुऱ्याएको छ । यस्ता प्रविधिगत नवीनताले सामुदायिक रेडियोलाई 'मल्टिप्ल्याटफर्म' मिडियाको रूपमा अगाडि बढाइरहेको छ ।

## आपत्कालीन सूचना र समुदायको सेवा

प्राकृतिक विपत्तिहरूको बेला सामुदायिक रेडियो सूचना आदानप्रदानको सबैभन्दा भरपर्दो माध्यम बन्ने गरेको छ । उदाहरणका लागि, २०७२ सालको भूकम्पको समयमा धेरै सामुदायिक रेडियोहरूले सुरक्षाका सन्देश, उद्धार कार्यका सूचना र राहत वितरणका खबरहरू प्रभावकारी ढङ्गले सम्प्रेषण गरेका थिए । पछिल्लो वर्ष बाढी पहिरो तथा महामारीका अवधिमा पनि रेडियोहरू 'स्थानीय सूचना केन्द्र' का रूपमा स्थापित भएका थिए । त्यस बेला  रेडियोहरूले विपद् पूर्व तयारी, राहत र उद्धारमा खेलेको भूमिकाले राष्ट्रिय स्तरमै प्रशंसा पाएको थियो ।

## कार्यक्रममा नयाँ ढाँचाको खोजी

परम्परागत समाचार र जानकारीमूलक कार्यक्रमहरूमा मात्र सीमित नरहेर धेरै रेडियोहरूले पछिल्लो समयमा प्रसारणका अन्य ढाँचाहरू, जस्तै: कथा वाचन, स्थानीय गीतसङ्गीत, रेडियो नाटक, विचार विमर्श र अन्तरक्रियात्मक कार्यक्रमहरूसमेत प्रस्तुत गर्न थालेका छन् । यसै गरी युवापुस्तालाई लक्षित गर्दै रेडियो क्लब, विद्यार्थी फोरम, खेलकुद चर्चा जस्ता फरक ढाँचाका कार्यक्रमहरूको सङ्ख्या बढ्दै गएको देखिन्छ । नयाँ ढाँचाको कार्यक्रमबाट सूचना र मनोरञ्जन दुवै पाउने कारण नयाँ श्रोता थपिएका छन् भने औसत श्रोताको रेडियो सुन्ने समय बढेको छ ।

## जति चुनौती, त्यति नै अवसर

स्थापनाकालदेखि नै समाज रूपान्तरणमा सकारात्मक परिवर्तनका बाबजुद सामुदायिक रेडियोहरू अझै पनि चुनौतीमुक्त हुन सकेका छैनन् । रेडियो सञ्चालनका लागि दिगो आर्थिक स्रोतको अभाव, नयाँ प्रविधि व्यवस्थापनमा चुनौती र राज्यको नीतिगत स्पष्टताको अभावजस्ता समस्याबाट उनीहरू गुज्रिरहेका छन् । वार्षिक नवीकरण शुल्क र नवीकरणका लागि झन्झटिलो प्रशासनिक प्रक्रिया, उपकरण मर्मतको कठिनाइ तथा स्थायी कर्मचारी व्यवस्थापन सामुदायिक रेडियोको दीर्घकालीन दिगोपनका लागि चुनौती बनेको छ ।

यद्यपि यस्ता चुनौतीका बिच पनि सामुदायिक रेडियोहरूका लागि प्रशस्त अवसरहरू पनि देखिन्छन् । रेडियोहरूकै लागि विभिन्न सङ्घसंस्थाहरूले क्षमता विकास तालिम, स–साना अनुदान तथा नेटवर्किङ प्लेटफर्महरू उपलब्ध गराइरहेका छन् । त्यसै गरी उनीहरूका लागि पछिल्लो समयको डिजिटल प्लेटफर्म र नयाँ



© रेडियो उदयपुर

सञ्चार प्रविधिको उपयोग रेडियोको पहुँच र प्रभाव विस्तार गर्न सहायक बनेको छ । यसले सामुदायिक रेडियोहरूलाई थप सशक्त, समावेशी र प्रभावकारी बनाउन सक्ने अवसरको ढोका खोलिदिएको छ । फलतः समुदायको जीवन्तता र  बहसको केन्द्रका रूपमा सामुदायिक रेडियोले भविष्यमा अझै बढी महत्त्वपूर्ण भूमिका खेल्ने निश्चित छ । प्रविधिको नयाँ सम्भावनालाई आत्मसात् गर्दै र समुदायसँगको बलियो सम्बन्धलाई निरन्तर सुदृढ गर्दै  सामुदायिक रेडियोले आगामी दिनहरूमा अझ उच्च शिखर चुम्ने अपेक्षा गर्न सकिन्छ ।

# कौशलझोलाः सिपका सरल पाठहरू

रेडियो पत्रकारितामा शब्द नै सबैभन्दा बलियो शक्ति हो । रेडियो प्रस्तुतिमा शब्द त्यस बेला अझ प्रभावकारी हुन्छ, जब त्यसलाई उचित सिप र प्रविधिसँग जोडिन्छ । प्रस्तुतिका लागि यस प्रकारको सिप, कौशल र प्रविधिबारे जानकारी दिन हामीले यो न्यूजलेटरमार्फत नियमित स्तम्भ 'कौशल झोला' प्रस्तुत गर्नेछौँ । यस अङ्कको 'कौशल झोला'मा हामी तपाईँका लागि रेडियो प्रस्तुतीकरणका केही सजिला तर उपयोगी सिपहरू लिएर आएका छौँ ।

**कौशल १: पाँच मिनेटमै सशक्त अन्तर्वार्ता तयारी कसरी गर्ने ?**

तपाईँले गरिरहेको कार्यक्रमका लागि कतिपय अवस्थामा सम्बद्ध व्यक्तिको अन्तर्वार्ता पनि आवश्यक हुन्छ । यस्तो अन्तर्वार्ताले कार्यक्रमको प्रभावकारिता बढाउन सघाउ पुऱ्याउँछ । अन्तर्वार्ता कार्यक्रम प्रस्तुति अगाडि नै पनि लिन सकिन्छ । तर त्यसो नभएर प्रस्तुतिकै बेला अन्तर्वार्ता गर्ने समय पाउनुभयो भने चिन्ता नगर्नुहोस्, यस्तो अवस्थामा ध्यान दिनुपर्ने मुख्य ३ कुरा यस प्रकार छन्:

- **कार्यक्रमको मुख्य उद्देश्य पहिचान गर्नुहोस्:** आफूले प्रस्तुत गरिरहेको कार्यक्रममा गरिने अन्तर्वार्ताबाट श्रोतामा कुन सन्देश पुऱ्याउन चाहनुहुन्छ ? अन्तर्वार्तामा सोधिने प्रश्नहरू त्यस उद्देश्यसँग जोडिएको हुनुपर्छ ।



© रेडियो सगरमाथा

- **सटिक तर स्पष्ट प्रश्न बनाउनुहोस्:** लामो पृष्ठभूमि नबाँधी सोधिने छोटा प्रश्नहरू संवादका लागि प्रभावकारी हुन्छन् । उदाहरण: "तपाईँको अनुभवमा गाउँका सबैभन्दा ठुला चुनौती के हुन् ?" स्पष्टताका लागि छोटा पूरक प्रश्न (cross-question) गर्न सकिन्छ ।
- **मूल विषयमा केन्द्रित हुनुहोस्:** रेडियो प्रसारणमा प्रायः कार्यक्रमको समय पहिल्यै निर्धारित हुने हुँदा आफूले उठाएको विषयमा केन्द्रित रहेर प्रश्न गर्नुहोस् । अन्तर्वार्तामा समेटिने विषयको घेरालाई सीमित तर स्पष्ट राख्दै अन्तर्वार्तालाई सशक्त बनाउनुहोस् ।

**कौशल २: रेडियो स्क्रिप्टमा 'सादा भाषा' को जादु**

रेडियोको सबैभन्दा बलियो पक्ष 'बोलिचालीकै भाषामा बोल्ने' हो । त्यसैले रेडियोका लागि 'स्क्रिप्ट' लेख्दै गर्दा निम्न कुरा याद गर्नुहोस्:

- अन्यत्र लेखिएजस्तो होइन, बोलिएजस्तो शैलीमा सरल रूपमा लेख्नुहोस् ।
- कठिन शब्द प्रयोग नगर्नुहोस्, स्थानीय शब्द मिलाएर सहज लवज र शैलीमा लेख्नुहोस् ।
- एक वाक्यमा एउटा विचार मात्र राख्ने प्रयास गर्नुहोस् ।
- वाक्य सकेसम्म छोटो पार्नुहोस् र अनावश्यक विवरण नथप्नुहोस् ।

**स्मरणीय सूत्र: 'बोलीचालीको भाषामा लेख्ने, लेखेअनुरूप नै बोल्ने ।'**
"Write as you would speak, and speak as you would write."

अर्थ:
'बोलिचालीको भाषामा लेख्ने' भन्नाले लेख्दा शब्दहरू यस्ता प्रयोग गर्ने ताकि सुन्दा स्वाभाविक र सहज लागुन् ।
'लेखेअनुरूप नै बोल्ने' भनेको बोल्दा तपाईँको भाषालाई व्यवस्थित र स्पष्ट बनाउनु हो – मानौँ यो लेखिएको हो, लामो र घुमाउरो होइन, तर श्रोताका लागि बुझ्न सकिने र बोध गम्य होस् ।

**कौशल ३: प्रत्यक्ष कार्यक्रम चलाउँदा ध्यान दिने मुख्य ३ कुरा:**
प्रत्यक्ष (live) कार्यक्रम चलाउँदा निम्न कुराहरूमा सजग रहनुहोस्:

- **कार्यक्रमका लागि आवश्यक सबै सन्दर्भ तथा जगेडा सामग्री (backup) तयार राख्नुहोस्:** अचानक फोन काटिए वा अतिथि नआए विकल्पका लागि छोटो रिपोर्ट वा गीत तयार राख्नुहोस् ।
- **समय व्यवस्थापनमा ध्यान दिनुहोस्:** अति लामो कुराकानीले श्रोतालाई दिक्क पार्छ ।
- **प्रत्यक्ष बोलाइमा स्पष्टता:** बोल्दा स्पष्ट उच्चारण गर्नुहोस्, आवश्यकता अनुसार श्रोताको प्रतिक्रिया समेट्नुहोस् ।

साथीहरू, यी साना साना अभ्यासहरूले तपाईँको कार्यक्रमको स्तर र प्रभाव दुवै बढाउँछ । तपाईँले आफ्ना अनुभव र आफ्ना सिपहरू पनि हामीलाई लेखेर पठाउन सक्नुहुन्छ । यसै न्यूजलेटरको आगामी अङ्कहरूमा तपाईँका सल्लाह, सुझाव र प्रतिक्रिया पनि समेट्नेछौँ । – सम्पादक


**सधैँ सक्रिय रहनुहोस्, सधैँ आवाज उठाइरहनुहोस् ।**

# नीति अपडेट: जान्नै पर्ने सूचना

नेपालको सञ्चार क्षेत्रका बारेमा पछिल्लो केही समययता विभिन्न नीतिगत छलफल र निर्णयहरू भएका छन् । यस्ता निर्णयले सामुदायिक रेडियोहरूलाई पनि प्रत्यक्ष असर पार्नेछ । यहाँ तपाईँका लागि केही मुख्य जानकारी प्रस्तुत गरिएको छ ।

**रेडियोसम्बन्धी पछिल्ला निर्णयहरू:**

- नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले सामुदायिक रेडियोहरूको इजाजत र उपकरण लाइसेन्स नवीकरण शुल्क घटाउन आन्तरिक तयारी गरिरहेको छ । साथै 'रेडियो डिजिटलाइजेसन नीति' बनाउने तयारी पनि गरेको छ ।
- राष्ट्रिय प्रसारण नियमावली, २०५२ को १२ औँ संशोधन २०८० ले अनलाइन रेडियो अनुमतिको प्रबन्ध गरेको छ ।
- एकै ठाउँमा एकभन्दा बढी सङ्ख्यामा रहेका रेडियोहरू आपसमा मर्ज गर्न सकिने गरी कानुनी सहजताका लागि सरकारी तवरबाटै पहल थालिएको छ ।



राष्ट्रिय प्रसारण नियमावली, २०५२ को १२ औं संशोधन २०८० www.lawcommission.gov.np

⌑((ग५) "भि.ओ.डि" भन्नाले मन्त्रालयबाट वितरण प्रणालीको इजाजतपत्र लिएको संस्थाले आफ्नै नेटवर्क भित्रका उपभोक्ताको माग बमोजिम टेलिभिजन बाहेकका कार्यक्रम उपलब्ध गराउने सेवा सम्झनु पर्छ।

†(ग६) "अनलाइन टेलिभिजन" भन्नाले आफैंले उत्पादन गरी इन्टरनेटको माध्यमबाट आफ्नो डोमेन वा आफ्नै ओ.टि.टि. प्रसारण सेवा मार्फत निश्चित तालिका बमोजिम नियमित रुपमा श्रव्य दृश्य कार्यक्रम प्रसारण गर्ने टेलिभिजन संस्था सम्झनु पर्छ।

**(ग७) "अनलाइन रेडियो" भन्नाले आफैंले उत्पादन गरी इन्टरनेटको माध्यमबाट आफ्नो डोमेन वा आफ्नै ओ.टि.टि. प्रसारण सेवा मार्फत निश्चित तालिका बमोजिम नियमित रुपमा श्रव्य कार्यक्रम प्रसारण गर्ने रेडियो संस्था सम्झनु पर्छ।

(घ) "उपभोक्ता" भन्नाले इजाजतपत्र तथा अनुमतिपत्र प्राप्त प्रसारण संस्था वा व्यक्तिको संचार सेवा उपभोग गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ ।

✡(ङ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सम्झनु पर्छ ।

**(च) "ओ.टि.टि. प्रसारण सेवा" भन्नाले डिजिटल कार्यक्रम वितरक संस्थाबाट प्राप्त गरेको श्रव्य वा श्रव्य दृष्य सामग्री, श्रव्य दृष्य पडकास्ट वा भिडियो सामग्री वा अन्य व्यक्ति वा संस्थाले उत्पादन गरेको गीत, सङ्गित, म्युजिक भिडियो, वृत्तचित्र, स्वदेशी वा विदेशी चलचित्र जस्ता सामग्रीलाई कम्प्युटर सर्भर तथा स्टोरेजमा भण्डारण तथा व्यवस्थापन गरी त्यस्तो सङ्ग्रहित सामग्री चाहेको बखत चाहेको स्थानबाट ओ.टि.टि. एप्स मार्फत ओ.टि.टि. डिभाइसमा उपभोक्ताको पहुँच दिने सेवा सम्झनु पर्छ र सो शब्दले आफैंले कार्यक्रम

⌑ एघारौं संशोधनद्वारा थप।
† बाह्रौं संशोधनद्वारा संशोधित।
** बाह्रौं संशोधनद्वारा थप।
✡ दशौं संशोधनद्वारा संशोधित।

३

© सुचना तथा प्रसारण विभाग

- केही समययता सङ्गीत रोयल्टी सम्बन्धी अवैधानिक प्रावधानले सामुदायिक रेडियोको नवीकरण प्रक्रियामा अवरोध उत्पन्न गरेको थियो । तर अब उक्त प्रावधान अन्त्य गर्दै त्यससम्बन्धी विवाद प्रतिलिपि अधिकार रजिस्ट्रारको कार्यालयले हेर्ने गरी सञ्चार मन्त्रालयसँग सहमति भएको छ ।
- वर्षौंदेखि नवीकरण गर्न छुटेका, इजाजत रद्द गरिएका रेडियोको हकमा एक पटकका लागि जरिवाना शुल्कमा छुट तथा नवीकरणको मौका दिइएको छ ।

**नवीकरण सम्बन्धी जानकारी**

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय अन्तर्गतको सूचना विभागको वेबसाइट मार्फत अनलाइन प्रक्रियाबाट एफएम रेडियोको इजाजत पत्र र उपकरणको लाइसेन्स नवीकरण गर्नुपर्दछ । हरेक वर्ष जस्तै असार मसान्तसम्ममा अनलाइन भुक्तानीबाटै दुवै प्रमाणपत्रको नवीकरण शुल्क बुझाउनु पर्दछ ।

- **नवीकरणका लागि आवश्यक कागजात**
  सामुदायिक रेडियो नवीकरण गर्दा संस्थाको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, संस्था दर्ताको नवीकरण गरिएको प्रतिलिपि, अघिल्लो आर्थिक वर्षको पुस मसान्तमा रोयल्टी तिरेको रसिदको प्रतिलिपि र निवेदकको डिजिटल हस्ताक्षर विभागको वेबसाइट https://doib.gov.np मा अपलोड गर्नुपर्ने हुन्छ ।
- **नवीकरण शुल्कको अनलाइन भुक्तानी**
  सबै कागजात पेस गरेपछि अनलाइन भौचर तयार हुन्छ र तोकिएको शुल्क अनलाइन मार्फत भुक्तानी गर्नुपर्छ । यसो गरिसकेपछि उल्लेख गरिएको इमेल र मोबाइल नम्बरमा नवीकरणका लागि पेस गरिएको निवेदन दर्ता गरिएको जानकारी प्राप्त गर्न सकिन्छ । विभागबाट प्रमाणीकरणको काम सकिएपछि आफ्नो जिल्ला हुलाक कार्यालयबाट प्रमाणपत्रहरूमा छाप तथा हस्ताक्षरसहित नवीकरण अद्यावधिक गराउनु पर्छ ।

**तपाईँको अधिकार: 'सूचनाको अधिकार' प्रयोग गर्नुहोस्**

सामुदायिक रेडियोहरूले सरकार र सार्वजनिक निकायहरूसँग सार्वजनिक महत्वका सूचना माग्न सूचनाको हक सम्बन्धी ऐन, (RTI Act) २०६४ प्रयोग गर्न सक्छन् । यस मार्फत समाचार तथा कार्यक्रम सामग्री तयार गर्दा तथ्याङ्क, बजेट विवरण वा सरकारी नीतिबारेको सूचना माग्न सकिन्छ । कुनै पनि सरकारी निकाय वा अधिकारीले सूचना नदिएको खण्डमा राष्ट्रिय सूचना आयोगमा अपिल गर्ने व्यवस्था पनि कानुनले सुनिश्चित गरेको छ ।
– तुला अधिकारी

सामुदायिक रेडियो सम्बन्धी नवीनतम अपडेटहरूबारे जानकारी पाउन निरन्तर सजग रहनुहोस् । आगामी अङ्कमा नीति सम्बन्धी थप चर्चा गरिनेछ । – सम्पादक

# प्रविधि पाटी: सजिला र किफायती उपायहरू

सस्तो, सरल तर प्रभावकारी उपायहरू अपनाउन सक्ने हो भने सामुदायिक रेडियो महँगो प्रविधिमा निर्भर हुनु पर्दैन । त्यस्ता उपायबारे यहाँ केही व्यावहारिक सुझाव प्रस्तुत गरिएका छन्:

**१. स्टुडियोका उपकरण कसरी लामो समय चलाउने ?**

- उपकरण बारम्बार बन्द र खुला (on र off) गर्दा छोटो समयमा बिग्रिने सम्भावना हुन्छ । स्ट्यान्डबाइ मोड प्रयोग गर्दा उपकरणको आयु बढ्छ ।
- नियमित रूपमा धुलो सफा गर्नुहोस्, विशेष गरी मिक्सर र कम्प्युटरभित्र ।



© वेभ एडिटर


© गुगल

- उपकरणहरूका तारलाई मिलाएर व्यवस्थित राख्दा शर्ट सर्किट (नाङ्गो तार जुधेर बिजुली जाने) को जोखिम घट्छ ।
- इन्भर्टर वा युपीएस (बिजुली ब्याक अप) राख्दा उपकरण आकस्मिक बिग्रिने सम्भावना कम हुन्छ ।

**२. मोबाइल पत्रकारिताका सजिला टिप्स**

- मोबाइलमा रेकर्ड गर्दा हावा रोक्नका लागि फोनमा सस्तो फोम विन्डशिल्ड (wind-shield) प्रयोग गर्नुहोस् ।
- निःशुल्क एप जस्तै WaveEditor (एन्ड्रोइड) वा BandLab (iOS र एन्ड्रोइड) मार्फत मोबाइलमै सहज सम्पादन गर्न सकिन्छ । अन्य थुप्रै निःशुल्क एपहरू पनि छन् जुन तपाईँ प्रयोग गर्न सक्नुहुन्छ ।
- हेडफोन अनिवार्य रूपमा प्रयोग गर्दा ध्वनि स्तर सजिलै नियन्त्रण गर्न सकिन्छ ।

यस ‘प्रविधि पाटी’ शीर्षक अन्तर्गत तपाईँका लागि उपयोगी हुनसक्ने संक्षिप्त सूचना र जानकारी राखिनेछ । तपाईँसँग पनि कुनै त्यस्ता सजिला प्राविधिक समाधानहरू छन् भने हामीलाई लेख्नुहोस् । आगामी अङ्कमा प्रकाशित गर्नेछौँ । – सम्पादक

**तपाईँको रेडियो, तपाईँका कथाहरू !**

यो न्यूजलेटर तपाईँको आफ्नै आवाज र अनुभवहरू प्रस्तुत गर्ने साझा मञ्च पनि हो । तपाईँहरू देशका कुन कुनामा के गर्दै हुनुहुन्छ ? तपाईँकै स्टुडियोका रमाइला किस्साहरू, कार्यक्रमका रमाइला तस्बिरहरू वा प्रविधिमा अपनाइएका सजिला उपायहरूबारे हामीलाई जानकारी गराउनुहोस् । हामीमध्ये जोकोहीको पनि सफलता र नौलो अनुभव अरू साथीहरूका लागि प्रेरणा बन्न सक्छ । त्यसैले, तपाईँका कार्यक्रमका आकर्षक झलक, श्रोतासँगको रोचक अन्तर्क्रिया, वा रेडियो चलाउँदाका रमाइला प्रसङ्गहरू फोटोसहित पठाउन नबिर्सनुहोस् ।

साथै, सामुदायिक रेडियोको व्यवस्थापन र प्रविधिसम्बन्धी विषयहरू वा रेडियो सामग्री निर्माण सम्बन्धी कुनै जिज्ञासा भएमा तपाईँ हामीलाई लेख्न सक्नुहुन्छ । तपाईँका प्रश्नहरूको उत्तर विश्वसनीय रूपमा दिन हामी विशेषज्ञहरूसँग समेत परामर्श गर्नेछौँ ।

सबै सामग्री पठाउने ठेगाना: ro@amarc-ap.org

**तपाईँको कथा अर्को अङ्कमा पर्छ कि ? पठाउनुहोस् । तपाईँको सहयोगमा सामुदायिक रेडियोको आवाज अझ विस्तार गरौँ !**

सबै प्रतिलिपि अधिकार सुरक्षित छन् । यस न्युज लेटरमा समावेश सामग्रीहरू शैक्षिक वा अन्य गैर व्यावसायिक प्रयोजनका लागि पुनः प्रकाशन र प्रचारप्रसार गर्न कुनै पूर्व लिखित अनुमति आवश्यक छैन । तर, बिक्री वा अन्य व्यावसायिक प्रयोजनका लागि यस सूचना उत्पादनको सामग्री पुनः प्रकाशन गर्न वा प्रयोग गर्न प्रतिलिपि अधिकार धारकको लिखित स्वीकृति अनिवार्य छ । कुनै पनि लेख वा तस्बिर पुनः प्रकाशन गर्दा स्रोत उल्लेख गर्नुपर्नेछ । सुझाव र प्रतिक्रियाका लागि कृपया ro@amarc-ap.org मा इमेल पठाउनुहोस् ।

**सम्पादकीय सल्लाहकारहरू:** सुवास खतिवडा, वन्दना दनुवार, तुला अधिकारी
**भाषा सम्पादक:** राजनबाबु शर्मा
**प्रकाशन संयोजक:** राजेश रम्तेल
**सज्जा:** रोबर्ट मार्कस बिसलेर
**सम्पादक:** सुमन बस्नेत

**सम्भव भएमा यस न्यूजलेटरलाई प्रिन्ट गरी इच्छुक व्यक्तिहरू सित शेयर गर्नुहोला ।**